महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## मर्स्याङ्दी गाउँपालिका, लमजुङ

## ८०४३७५०४३००

## मर्स्याङ्दी गाउँपालिका , लमजुङ



https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-११-६

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
मर्स्याङ्दी गाउँपालिका, लमजुङ ,
मर्स्याङ्दी गाउँपालिका , लमजुङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।१०।२ मा छलफल पश्चात् तयार गरिएको पाना २९ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तरदायी अधिकृत।कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

जितेन्द्र श्रेष्ठ
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
लमजुङ, Lamjung.dtco@fcgo.gov.np

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ५९७ वर्ग किलोमिटर तथा १८,७५९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।२८ देखि २०८०।१०।०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. ६६,०१,६६,४२६।९४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर मस्याङ्दी गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत | कुल खर्च मध्ये खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३००००००० | १४४३२०१८ | ४८.११ | २.७६ |
| २ | सामाजिक विकास | २६२३४४००० | २४१२५३७७२ | ९१.९६ | ४६.१६ |
| ३ | पूर्वाधार विकास | १८९८२५००० | १४७९२२५४७ | ७७.९३ | २८.३० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५६००००० | १४७८३२६६ | ९४.७६ | २.८३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १११४२२८०८.५ | १०४२३५९९९ | ९३.५५ | १९.९४ |
| जम्मा | | ६०९१९१८०९ | ५२२६२७६०२ | ८५.७९ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ९४.७६ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटी अर्थात ४८.११ प्रतिशत खर्च भएको छ । त्यस्तै कुल खर्च रु. ५२ करोड २६ लाख २७ हजार मध्ये सबै भन्दा बढी अर्थात ४६.१६ प्रतिशत सामाजिक विकासमा र सबैभन्दा कम अर्थात २.७६ प्रतिशत आर्थिक विकासमा खर्च गरेको छ । दिगो विकास लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र पालिकाको स्थानिय आवश्यककतालाई समेत विचार गरी बजेट निर्माण तथा कार्यक्रम संचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ९१,५७,०६७.०१ राजस्व बाँडफाँड र अनुदानबाट रु ४९,१०,२८,५०४.०४ र गत वर्षको जिम्मेवारी ३,२८,६४,१३०.३३ समेत रु ५३,३०,४९,७०१.४९ आम्दानी भएकोमा चालु तर्फ रु ३५,८२,६२,७२०.४३ र पूँजिगत तर्फ रु १६,४३,६४,८८२.५१ गरी जम्मा रु ५२,२६,२७,६०२.९४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १,०२,०२,६७२.८० खर्च भएको छ जुन आन्तरिक आयको १११.४१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.९६ प्रतिशत चालु र ३३.०४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रकम रु हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६४३६५ | ३७६८ | ३१३५ | ४६९३४ | ११०४८८ | ३३९३१ |
| प्रतिशत | १०० | २.२९ | १.९१ | २८.५५ | ६७.२२ | २०.६५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक पुँजिगत खर्च रु १६,४३,६४,८८२.५१ मध्ये प्रथम त्रैमासिकमा रु. ३७,६७,९८१.९० (२.२९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु ३१,३५,०३२.८ (१.९१ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु ४,६९,३३,८९८.६ (२८.५५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ३,३९,३०,६७७.३३ (२०.६५ प्रतिशत) खर्च देखिनुले आर्थिक बर्षको अन्त्यमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७ **एकिकृत आर्थिक विवरणः**

पालिकाको एकिकृत आर्थिक विवरण अनुसुचिमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

८ **वित्तीय बिबरणको परीक्षणः**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

८.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२,३६,२०,२९८।२७, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ३,३३,६६,६४७।

५३ र गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फ रु. ४,५३,९२० समेत गरी रु. १५,७४,४०,८६५।८० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३६,८५,०४१.०४, यस वर्षको प्राप्ति रु. १९,०८,४८५.५४,यस वर्षको भुक्तानी रु. २८,२६,८९२.२८ र बैङ्क मौज्दात रु. ६४,०२,४६१.०४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **33030857.83** | **502199969.78** | **518297870.97** | **15924471.10** |
| एकीकृत आर्थिक विवरणअनुसार | 36715898.87 | 500291484.24 | 515470978.69 | 22326932.14 |
| फरक | 3685041.04 | 1908485.54 | 2826892.28 | 6402461.04 |

सैद्धान्तिक बेरुजु

८.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. (वैङ्क-स्रेस्ता) |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | 5627031.28 | 5627031.28 | 0.00 |
| चालु खर्च खाता | 3509294.54 | 8274833.8 | 4765539.00 |
| पुँजीगत खर्च खाता | 2809189.6 | 806890.6 | -2002299.00 |
| विविध खर्च खाता | 336825.9 | 336825.9 | 0.00 |
| प्रकोप व्यवस्थापन खाता | 0.00 | 316878.96 | 316879.00 |
| स्थानीय विभाज्य कोष | 0.00 | 1390380 | 1390380.00 |
| कर्मचारी कल्याण कोष खाता | 0.00 | 0.00 | 0 |
| धरौटी | 4748213.34 | 4748213.34 | 0 |
| ग१.१, आन्तरिक राजस्व खाता | 907173.66 | 907173.66 | 0 |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | 226409 | 226409.00 | 0 |
| विविध कोष खाता | 0 | 29125.00 | 29125.00 |
| जम्मा | 18164137.32 | 22663761.54 | 4499624.00 |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ८२,७४,८३३।८०, पुँजीगत खातामा रु.८,०६,८९०।६०, आन्तरिक राजस्व खातामा रु. ९,०७,१७३।६६, राजस्व बाँडफाँड खातामा रु. २,२६,४०९।०० समेत रु. १,०२,१५,३०७।०६ मौज्दात रहेको पाइयो । उक्त रकम २०८०।६।१६ गते सञ्चित कोषमा ट्रान्सफर भएको पालिकाले जनाएको छ । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **कर दायित्वः**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको मध्ये कर, धरौटी र निर्माण व्यवसायी कोषमा जम्मा गर्नुपर्ने दायित्व रु. ७१,५६,६२४ देखाएको छ । पालिकाले मिति २०८०।६।२३ गते कर रु. ४८,२८,६१७।२०, निर्माण व्यवसायी कोषमा जम्मा गर्नुपर्ने रु. ३०,४७१।९१, धरौटी रु. २०,०९,५९३।१४ बाहल कर लगायत पालिकाको आन्तरिक खातामा जम्मा गर्नुपर्ने रकम रु. २,६७,७६९।०० दाखिला गरेको छ । दायित्व सिर्जना हुने वितिक्कै कर दाखिला गर्ने परिपाटी बसाल्नु पर्दछ । उपरोप्त दायित्व रकम मध्ये २०,१७२।७५ दाखिला गर्न बाँकी रहेको छ । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | २०,१७२ |
|---|---|

१० **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- पलिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वियन अवस्था कमजोर रहेको,
- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा नल्याएको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,
- सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालीकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन् ।
- खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको
- सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ५४ करोड ३९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ३ वटा नियमावली, २६ कार्यविधि लगायत ५६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । आफ्नो आवश्यकता अनुसार कानुन निर्माण गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको ५ गरी कुल ५ विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन, अभिलेखांकन तथा उपयोग गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि अधिकृत, पशु चिकित्सक, जनस्वास्थ्य अधिकृत, प्रसासन सहायक सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्दछ । तसर्थ रिक्त पदहरु कानुन बमोजिम पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **सेवाप्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा स्थानीय तह तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका बाट प्राप्त विवरण अनुसार पालिकाले आर्थिक बर्ष २०७९।८० मा निम्नानुसार सेवा प्रवाह गरेको छ ।

| सि.न. | विवरण | सेवा प्राप्ती लागी निवेदन सख्या | सिफारीस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारीस | १०१७ | १०१७ |
| २ | नाता प्रमाणीत | ७५० | ७५० |
| ३ | जन्म दर्ता | ५७२ | ५७२ |
| ४ | मृत्यु दर्ता | २४१ | २४१ |
| ५ | विवाह | २६५ | २६५ |
| ६ | वसाॅइसराॅइ दर्ता | ८२ | ८२ |
| ७ | सम्वन्ध बिच्छेद दर्ता | ४२ | ४२ |
| ८ | घर बाटो सिफारीस | २९८ | २९८ |
| ९ | चार किल्ला सिफारीस | २९९ | २९९ |
| १० | जगाको न्युनतम मू.सिफारीस | २९ | २९ |
| ११ | जग्गा नाम सारी सिफारीस | १०२ | १०२ |
| १२ | फर्म उघेग दर्ता सिफारीस | २६९ | २६९ |
| १३ | जन्म मूत्यु वसाॅइसराॅइ संशोधन | २४ | २४ |
| १४ | दलित जनजाति सिफारीस | १३८ | १३८ |
| १५ | जन्म मूत्यु प्रमाणित | २२४ | २२४ |
| १६ | अन्य सिफारीस | ३१८६ | ३१८६ |

सैद्धान्तिक बेरुजु

२० **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३६ कर्मचारीको रु. २,८५,०९,०७७.५६, र पालिकाका २८ कर्मचारीको रु १,८९,९५,८२३.३२ समेत रु. ४,७५,०४,९००.८८ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **समपुरक अनुदानबाट बढि खर्चः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० मा संघिय सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्ने यस प्रकारको अनुदान योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गर्ने व्यवस्था छ । पालिकाले संघ सरकार सँगको समपुरक (५०।५० प्रतिशत) अनुदानमा खुदी पामचोक भलामचौर घलेगाउँ सडक स्तरोन्नती योजना संचालन गरी भुक्तानी गर्दा संघिय सरकारको अनुदानबाट निम्नानुसार रु. ८४३९१७६ बढी खर्च लेखेको छ । ५० प्रतिशत रकम पालिकाले बजेट व्यवस्था गरी खर्च लेख्नुपर्नेमा संघ सरकारको अनुदानबाट बढी खर्च लेखेकोले संघिय मन्त्रालयको खर्च समर्थन लिनुपर्ने अन्यथा संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

| भौचर | योजना | बिल | बिल रकम | पालिका बाट | संघबाट | संघबाट बढी |
|---|---|---|---|---|---|---|
| १४ | Upgrading of Khudi-Pamchowk-Bhalamchaur-Ghalegaun Road | पहिलो | ४५०६११७ | ० | ४५०६११७ | |
| १९ | | दोस्रो | ७३२०८६२ | ० | ७३२०८६२ | |
| ४२ | | अन्तिम | ८२८८६२६ | १६१८६२६ | ६६७०००० | |
| | जम्मा | | २०११५६०५ | १६१८६२६ | १८४९६९७९ | ८४३९१७६ |
| २० | Upgrading of Khudi-Roplephant-Nayu Road | पहिलो | २२१३३०० | २१००००० | ११३३०० | |
| ४४ | | दोस्रो | ३५७६३२१ | ६००००० | २९७६३२१ | |
| ५० | | अन्तिम | ३६१३७०४ | ३१००००० | ५१३७०४ | |
| | जम्मा | | ९४०३३२५ | ५८००००० | ३६०३३२५ | (१०९८३३८) |
| | कुल जम्मा | | | | | ७३४०८३९ |

| प्रमाण पेश नगरेको | ७३,४०,८३९ |
|---|---|

२३ **राजश्व बाँडफाँडः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को साविकको दफा ६४ मा ढुङ्गा, गिट्टी र बालुवाबाट संकलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गरी प्रदेश कानुन अनुसार बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । तर उक्त ऐनको सो दफा खारेज भई ६२ (क) थप गरी ढुङ्गा, गिट्टी र बालुवा बिक्रीबाट प्राप्त रकम स्थानीय संचितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोही अनुरुप प्रदेश कानुन संशोधन नगरेको कारणले सो करबाट संकलित राजश्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा विपरीत हुनेगरी संघीय मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी र बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त कर प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सिर्जना गरेको छ । यो बर्ष पालिकाले यो बर्ष ढुङ्गा, गिट्टी र बालुवा बिक्री बापत रु ३०,४८,१७४ संकलन गरेकोमा बाँडफाँड गरेको छैन् । राजश्व बाँडफाँट सम्बन्धी कानून तर्जुमा गर्दा संघिय कानुनसँग नबाझिने गरी तयार गर्नुपर्दछ । साथै स्पष्ट कानुनी व्यवस्था गरी प्रकृतिक स्रोतको उपयोग गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,००,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.

८१,२८,२४१ अर्थात अनुमानको ८१.२८ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२५ **आय ठेक्का व्यवस्थापनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ ।

२५.१ **आय ठेक्का नलागेकोः** पालिकाले बातावरणिय प्रभाव मुल्यांकन गरेको निम्नानुसार १४ घाटको ठेक्का व्यवस्थापन गरी आय प्राप्त गरेको छैन् । यसबाट पालिकाको अनुमानित रु. १२,१०,१०० राजश्व गुमेको छ। उपरोप्त घाटहरु मध्ये ४ ठेक्काको लागी सुचना आह्वान गरेको छैन् भने बाँकीको सुचना प्रकाशन भए पनि बोलपत्र नपरेको पालिकाले जनाएको छ। सो क्षेत्रमा ठेक्का नलागेतापनि पालिकाले अमानतबाट समेत राजस्व संकलन गर्नेतर्फ ध्यान दिएको देखिएन। पालिकाले ठेक्का नलागेको क्षेत्रमा अमानतबाट भएपनि राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्छ ।

| घाटको नाम | उत्खननृ गर्न सकिने परिमाण | भ्याट र कर बाहेक |
|---|---|---|
| स्यांगे श्री चौर म गा पा ४ | ५६७ | १४०२०० |
| बंकर क्षेत्र म गा पा ४ | ९६५.२५ | २३८६०० |
| घोप्टे भिर नजिक म गा पा ४ | १०३९.५ | २५७००० |
| राम बजार नजिक म गा पा ५ | २३२३.२ | ५७४३०० |
| जम्मा | | १२१०१०० |

सैद्धान्तिक बेरुजु

२५.२ **उत्खनन् परिमाणः** पालिकाले यो बर्ष निम्नानुसार आय ठेक्का व्यवस्थापन गरी निम्नानुसार ९ ठेक्काबाट रु. २५,५८,१५९।०० असुल गरेको छ। सम्झौता गर्दा बातावरणिय प्रभाव मुल्यांकन बाट कायम भएको परिमाण उत्खनन् गर्न सकिने गरी सम्झौता भएको छ र ठेकेदारहरुले सम्झौता अनुसार ढंगा गिट्टि तथा बालुवा उत्खनन् गरेको पालिकाले उल्लेख गरेपनि पालिकाले अधिकत्तम उत्खनन् परिमाण भित्र रहेर उत्खनन् भए नभएको सम्बन्धमा यकिन गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्माण, आवश्यक अनुगमन तथा मुल्यांकन, सम्झौता गर्ने फर्महरुलाई जिम्मेवार बनाउने काम गरेको छैन्। यसबाट बढी परिमाणमा ढुंगा गिट्टि बालुवा उत्खनन् भई वातावरणीय प्रभाव पर्ने देखिन्छ। बातावरणीय प्रभाव मुल्यांकनबाट कायम भएको अधिकत्तम उत्खनन् परीमाणको सिमा भित्र रहेर मात्र उत्खनन् गर्ने व्यवस्था गर्नुपर्दछ।

| फर्मको नाम | घाटको नाम | बातावरणीय प्रभाव मुल्यांकन अनुसार उत्खनन् गर्न सकिने परीमाण | ठेक्का सम्झौतामा उल्लेखित परीमाण | सम्झौता मिति | सम्झौता रकम |
|---|---|---|---|---|---|
| GDG Construction Pvt. Ltd | विमिरे बगर, म.गा.पा-07 | 4488 | 4488 | 23/11/2079 | 1272152 |
| GDG Construction Pvt. Ltd | कत्मे बगर, म.गा.पा-०7 | 2028 | 2028 | 23/11/2079 | 576049.5 |
| John Builders | दुले ओडार, म.गा.पा-08 | 1255.5 | 1255.5 | 02/11/2079 | 356095 |
| GDG Construction Pvt. Ltd | आँगे र बगैचा, म.गा.पा-09 | 853 | 853 | 27/10/2079 | 353862.3 |
| जम्मा | | | | | 2558159 |

सैद्धान्तिक बेरुजु

२६ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७,८०,०८,२५० | ८१,२८,२४१ | २.१५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.१५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२७ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| सि नं. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | ० | ० | ० |
| २ | भुमी कर | १५००००० | १०८५५३५ | ७२.३६९ |
| ३ | घर जग्गा बहाल कर | २५०००० | १४२२५५ | ५६.९०२ |
| ४ | बहाल बिटौरी कर | २००००० | ९१७२० | ४५.८६ |
| ५ | कषि तथा पशुजन्य कर | ३००००० | २१९४८८ | ७३.१६३ |
| ६ | ब्यबसाय कर | ५००००० | ३६८५०० | ७३.७ |
| ७ | ढङ्गा गिटी बालुवा माटो समेत | ३०००००० | २६६९८३९ | ८८.९९५ |
| ८ | अन्य सेवा शूल्क | २५००००० | २७९३४९० | १११.७४ |
| ९ | पर्यटन शूल्क | ५०००० | ० | ० |
| १० | अन्य प्रशासनिक सेवा शूल्क | ५०००० | ० | ० |
| ११ | सरकारी सम्पत्ती वहाल कर | ५००००० | ५८१२५० | ११६.२५ |
| १२ | परिक्षा शूल्क | ४००००० | १७३१६४ | ४३.२९१ |
| १३ | सवारी साधन कर | ५०००० | ० | ० |
| १४ | घर नक्सा पास प्रमाणीकरण | २००००० | ० | ० |
| १५ | अन्य आम्दानी | ५००००० | ३००० | ०.६ |
| | | १०००००००० | ८१२८२४१ | ८१.२८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । सम्पत्ति कर, पर्यटन शुल्क लगायत विभिन्न ५ आय शिर्षकमा ३,५०,००० आय अनुमान गरेकोमा प्राप्ति शुन्य रहेको छ । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३,६८,५०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **राजश्व रकम समयमा दाखिला नभएकोः**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रचलित कनुन वमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोवार गर्ने बैंकमा सोही दिन वा कावु वाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा

सोको भोलिपल्ट संचितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ।

२९.१ कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा पालिकाले आगामी दिनमा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो।

| सैद्धान्तिक बेरुजु |
|---|

२९.२ श्रेष्ताहरुको नमुना परीक्षण गर्दा विभन्न वडाहरुले टाढा भएको कारण मासिक रुपमा अन्तमा एकमुष्ठ राजश्व वैंक दाखिला गर्नुपर्ने र पालिकाले राजश्व संकलन भएको भोलिपल्ट वैंक दाखिला गर्नुपर्नेमा महिना समाप्त भएपछि एकमुष्ठ दाखिला गर्ने गरेकोले पालिका तथा उक्त वडालाई उल्लेखित तालिका अनुसारको हिसाव किताव गरि कानुन वमोजिमको जरिवाना लगाई हुन आउने रकम असुल गरि राजश्व प्रणालीलाई व्यवस्थित गर्न जोड दिनुपर्दछ।

| वडा नं | महिना | कुल राजश्व | एकमुष्ठ दाखिला मिति |
|---|---|---|---|
| २ | श्रावण | २३,१२५ | २०७९।०७।०२ |
| ३ | श्रावण | ३९६३० | २०७९।०७।२३ |
| ५ | श्रावण | ९४२० | २०७९।०८।०९ |

| सैद्धान्तिक बेरुजु |
|---|

३० **आय ठेक्कामा मूल्य अभिवृद्धि करः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार आय ठेक्काबाट मु. अ. कर सहित निम्नानुसार रकम असुल गरेकोमा मु. अ. कर रकम संघिय संचित कोषमा दाखिला गरेको छैन् । उपरोप्त मु. अ. कर संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| घाटको नाम | फर्मको नाम | भ्याट रकम |
|---|---|---|
| विमिरे बगर, म.गा.पा-०७ | GDG Construction Pvt. Ltd | 144,437 |
| कत्मे बगर, म.गा.पा-०7 | GDG Construction Pvt. Ltd | 65,403 |
| दुले ओडार, म.गा.पा-०८ | John Builders | 40,430 |
| आँगे र बगैचा, म.गा.पा-०९ | GDG Construction Pvt. Ltd | 40,177 |
| जम्मा | | 290,446 |

| असुल गर्नुपर्ने | २,९०,४४६ |
|---|---|

३१ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा ९ वडाको लागि निम्नानुसार २६९ वडागत र पालिकास्तरका २९ गरी कुल २९८ योजनामा रु १५ करोड ५ लाख २५ हजार वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २९ | ४ | २ | २३ |
| २ | वडास्तरीय | २६९ | ० | २३ | २४६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६,४३,२४,८८२.५१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेञको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **वीमा :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराई तथा कम अवधिको विमा गराई निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको छ। तोकिए बमोजिम बिमा गरेर मात्र निर्माण कार्य गराउने तर्फ यसरी पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता रकम | विमामा खर्च रकम | विमा अवधि | कैफियत |
|---|---|---|---|---|---|
| 01/MRM/NCB/ROAD/2079-80 | Machhapuchre Nirman Sewa | २,०८,३०,१७५ | ७६७३७ | २०८०।२।३२ | पुरा अवधिको विमा नगरेको |
| 04/MRM/WS/BWS/2079-80 | Hertz Engineering Pvt. Ltd | ४८,१०,२५७ | २६८३३ | २०८०।१०।२२ | पुरा अवधिको विमा नगरेको |
| 06/MRM/EM/2079-80 | Seti Devi Construction | १,०८,२२,२४६ | | | विमा नगरेको |
| 03/MRM/NCB/ROAD/2079-80 | Sarbajanik Nirman Sewa | ६१,६३,०६४ | | | विमा नगरेको |

सैद्धान्तिक बेरुजु

३५ **परामर्स तथा डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । उक्त योजनामा लागतको तुलनामा नगन्य बजेट बिनियोजन भएकोले कार्यान्वयन नहुने देखिन्छ । बजेट व्यवस्थापनको सुचिश्चितता हुने आयोजनाको मात्र सर्भेक्षण गर्ने र सर्भेक्षण भएका योजनाहरु कार्यान्वयनमा लैजानु पर्दछ ।

| भौचर | आयोजना | लागत | DPR अनुसार आयोजनाको लागत | आयोजना कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ३३५।२०८०।३।२३<br>(परामर्शदाताः कलश ईन्जिनियरिङ सर्भिस प्रा ली) | हर्सिङ क्षेत्र विकास तथा व्यवस्थापन योजना | ३९२००० | ३७५९४४५९ | यो बर्षको बजेटमा रु. ५ लाख मात्र बजेट बिनियोजन भएको |

सैद्धान्तिक बेरुजु

३६ **एक दिन अवधिको बिमाः**

खुदी-रोप्लेफाटऔ नयु सडक विस्तार योजनाको निर्माण व्यवसायी श्री बि एण्ड बि विल्डर्सले २०२३।६।१५ एक दिनको मात्र विमा गरी सो बापत रु. ४५,५६७ भुक्तानी लिएको छ । सम्झौतामा उल्लेखिन शर्त अनुसार बिमा नगरी औपचारिकताको लागी मात्र बिमा गरी भुक्तानी लिएको रकम सम्बन्धित निर्माण व्यवसायी बाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४५,५६७ |
|---|---|

३७ **न्यन विजकिकरणः**

सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धाण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार काममा सिमेन्ट र ईटाको जिल्ला दररेट क्रमश रु. ८३० र १७ को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट तथा ईटा खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानि भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौचर | योजनाको नाम | निर्माण सामाग्री | खपद परिमाण (बोरा/ गोटा) | भुक्तानी दर | खरिद दर | फरक दर | भुक्तानी | मु अ कर |
|---|---|---|---|---|---|---|---|---|
| ३५ | श्री अमर मा वि | सिमेन्ट | ७०२ | ८३० | ६६४ | १६६ | ११६५३२ | १५१४९ |
| ३५ | श्री अमर मा वि | ईटा | ३२३२० | १७ | ११ | ६ | १९३९२० | २५२१० |
| ८३ | खुदी खोला तटबन्द | सिमेन्ट | ३३२ | ८३० | ६७२ | १५८ | ५२४५६ | ६८१९ |
| ९७ | डादी उस्ता बराहपोखरी सडक | सिमेन्ट | ६०० | ८३० | ६४२ | १८८ | ११२८०० | १४६६४ |
| ११५ | लाम्पाटा घो वा निर्माण | सिमेन्ट | १५८ | ८३० | ६६० | १७० | २६८६० | ३४९२ |
| १४२ | खुदी हर्सिङ डाँडा सिउरुङ सडक | सिमेन्ट | ७५८ | ८३० | ६६३ | १६७ | १२६५८६ | १६४५६ |
| १६९ | भिरपुस्तुन सामुदायिक भवन | सिमेन्ट | १५३ | ८३० | ६५६ | १७४ | २६६२२ | ३४६१ |
| १७२ | थाकन आमा समुह | सिमेन्ट | १४० | ८३० | ६१९ | २११ | २९५४० | ३८४० |
| २९८ | तमु ह्युल लामागाउँ आमा समुह भवन | सिमेन्ट | १३८ | ८३० | ७०० | १३० | १७९४०० | २३३२ |
| ३०२ | रामबार छापा शिलढुंगा उपल्लो ताघ्रिङ सडक | सिमेन्ट | ३१५ | ८३० | ६६७ | १६३ | ५१३४५ | ६६७५ |
| | जम्मा | | | | | | | ९८०९८ |
| | | | | | | | असुल गर्नुपर्ने | ९८,०९८ |

३८ **नन्फाइलरः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई निम्नानुसार रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| भौचर | निर्माण व्यवसायी/आपूर्तिकर्ता | पान नं | बिल रकम | भ्याट रकम |
|---|---|---|---|---|
| १९ | विनसरा/क्वालीटी जे भी | ६१७४१९७९२ | १९१४६२२ | २२०२६६ |
| ३७ | प्रसाद कन्स्ट्रक्सन | ६१००८५९९४ | १४५६२५८ | १६७५३४ |
| | जम्मा | | | ३८७८०० |
| | | | प्रमाण पेश नगरेको | ३,८७,८०० |

३९ **पूर्वनिर्धारित क्षतिपूर्तिः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । वडा नं ५ को कार्यालय भवन निर्माण ठेक्कमा निर्माणको लागी निर्माण व्यवसायी श्री समर विल्डिङ्ग कन्स्ट्रक्सन कम्पनी सँगको सम्झौताको GCC55.1 मा सम्झौतामा तोकिएको अवधिमा कार्यसम्पन्न नगरेमा प्रतिदिन सम्झौताको ०.०५ प्रतिशतको दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने व्यवस्था छ। ठेक्का सम्झौताको म्याद २ पटक गरी २०७९।९।१५ सम्म थप गरिएकोमा २०७९।१२।५ गते मात्र कार्यसम्पन्न गरी नापी तथा भुक्तानीको लागी निवेदन दिएकोले ७९ दिन ढिला गरी कार्यसम्पन्न गरेको छ । सम्झौताको शर्त अनुसार सम्झौता रकम रु. ३९,०७,६०६ को प्रति दिन ०.०५ प्रतिशतको दरले ७९ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,५४,३५० |
|---|---|

४० **कम कट्टी गरी भुक्तानी:** (१-२०७९-६-१२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। दश शैंयाको अस्पताल भवन निर्माणको लागी Shrinkhala Nirman Sewa सँग भएको सम्झौताको शर्तमा नियमानुसार अग्रिम कर, धरौटी तथा ३० प्रतिशत भ्याट कट्टा गरी भुक्तानी बिल भुक्तानी गर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई दोस्रो रनिङ बिल भुक्तानी गर्दा अग्रिम कर, धरौटी तथा भ्याट कम कट्टा गरी भुक्तानी गरेको पाईयो । यसबाट ठेक्का व्यवस्थापन तथा राजश्वमा असर पर्ने देखिन्छ । यसरी कम कट्टा भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी सम्बन्धित शिर्षकमा दाखिला गर्नुपर्ने रु.

| विवरण | अग्रिम कर | धरौटी | भ्याट | जम्मा |
|---|---|---|---|---|
| कट्टी गर्नुपर्ने रकम | 113395 | 377983 | 294827 | 786204 |
| कट्टी गरेको रकम | 98159 | 327197 | 255214 | 680570 |
| नपुग रकम | 15236 | 50786 | 39613 | 105634 |

| असुल गर्नुपर्ने | १,०५,६३४ |
|---|---|

४१ **लागत सहभागीताः**

सार्वजनिक खरिद ऐन, २०६४ को नियम ९७ मा उपभोक्ताको लागत सहभागिता समेत रु. १ करोड सम्मको काम उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । गण्डकी प्रदेश सरकारले जारी गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को बुँदा नं. २९ मा उपभोक्ता सिमिति वा लाभग्राही समुदायसँग सम्झौता भई सञ्चालन हुने पूर्वाधार निर्माण सम्बन्धि काममा उपभोक्ता समितिले कार्य गर्ने गरी सम्झौतामा भएको रकमको कम्तिमा दश प्रतिशत रकम लागत सहभागीता गर्नुपर्ने व्यवस्था छ । पालिकाको अभ्यासमा समेत उपभोक्ता समितिबाट गराउने काममा न्युनतम १० प्रतिशत लागत साझेदारी गराउने रहेको र सोही अनुसार योजना सम्झौता हुने गरेको छ । तर राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ निम्नानुसार विद्यालयको भवन निर्माण कार्य विद्यालय व्यवस्थापन समिति मार्फत गराएकोमा लागत सहभागिता जुटाएको छैन् । विद्यालय व्यवस्थापन समिति मार्फत काम गराउँदा लागत सहभागिता पनि नजुट्ने र प्रतिस्पर्धा पनि नहुने भएकोले निर्माण कार्य मितव्ययी हुँदैन् । यस प्रकारको निर्माण कार्य ठेक्का व्यवस्थापन गरी प्रतिस्पर्धात्मक तवरले सम्पन्न गर्नुपर्दछ ।

| भौचर | विद्यालय | काम | कार्य सम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३५ र ५३ | श्री अमर मा.वि. | ४ कोठे भवन | ४७६७९३७ | ४७६७९३७ |
| ४६ र ५३ | श्री महेन्द्रदेव मा.वि. | २ कोठे भवन | २४१८३२८ | २४१८३२८ |
| | जम्मा | | ७१८६२६५ | ७१८६२६५ |

| सैद्धान्तिक बेरुजु |
|---|

४२ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।

४२.१ (311-२०८०-३-२०):

भदौरे राटामाटा रंजित मोबाटो योजनाको कार्यसम्पन्न रकम रु. ६,७७,५९४ को आधारमा लागत सहभागीता कट्टा गरी रु. ६,०६,२५० भुक्तानी गर्नुपर्नेमा रु. ६,२४,००० भुक्तानी गरेकोले रु. १७,७५० बढी भुक्तानी भएको छ । यसबाट पालिकालाई बढि व्ययभार परेको छ । बढि भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १७,७५० |
|---|---|

४२.२ (53-):
श्री अमर मा.वि. लाई चार कोठे भवनको अन्तिम बिल रु. २०,४३,००० भुक्तानी गर्दा अग्रिम कर बापत रु. ३०,६४५।०० कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कट्टा नगरी भुक्तानी गरेकोले बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३०,६४५ |
|---|---|

## ४३ झोलुंगे पुल तर्फः

झोलुंगे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत झोलुंगे पुल निर्माणको लागतको ८५ प्रतिशत संघिय सरकारले र १३ प्रतिशत पालिकाले व्यहोर्ने र २ प्रतिशत उपभोक्ता समितिले लागत सहभागीता जनाउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ ।

४३.१ **परामर्श तथा विमा खर्चः** झोलुंगे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत मस्यांदी गाउँपालीका र सामुदायिक विकास केन्द्र बिच २०७८।१०।२३ भएको सम्झौताको बुँदा नं. २.१ गाउँपालीकाको कार्य अन्तर्गत गैरसरकारी संस्थाले झोलुंगे पुल निर्माण तथा मर्मतमा सेवा प्रदान गरेबापत परिचालक र प्राविधिक सेवा बापत कुल लागतको ६ प्रतिशत सेवा शुल्क तिर्ने, बिमा गर्ने पालिकाको जिम्मेवारी हुने उल्लेख छ । तर पालिकाले निम्नानुसार प्राविधिक सेवा तथा बिमा बापतको रकम संघिय शशर्त अनुदानबाट भुक्तानी गरेको छ । सम्झौता अनुसार पालिकाको स्रोतबाट भुक्तानी गर्नुपर्ने रकम शशर्त अनुदानबाट भुक्तानी गरेकोले संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

| भौचर | सेवा प्रदायक संस्था | भुक्तानी | कर | संघिय कोषमा दाखिला गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| २१। २०७९।१२।१३ | सामुदायिक विकास केन्द्र लम्जुङ | २१७५३६ | ८५९५ | २०८९४१ |
| २५। २०८०।१।१४ | सिद्धार्थ प्रिमियर इन्सुरेन्स लि | ११२५०० | | ११२५०० |
| | जम्मा | | | ३२१४४१ |

| प्रमाण पेश नगरेको | ३,२१,४४१ |
|---|---|

४३.२ **पालिकाको लागत सहभागिताः** पालिका अन्तर्गत निम्नानुसार २ पुल निर्माण सम्पन्न भएकोमा पालिकाले लागत सहभागीता नजनाई पुरै रकम संघिय शशर्त अनुदानबाट खर्च लेखेको छ । परामर्शदाताले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार निम्नानुसार रु. पालिका स्रोतबाट भुक्तानी गर्नुपर्नेमा पुरै रकम संघिय शशर्त अनुदानबाट भुक्तानी गरेको छ । सम्झौता अनुसार पालिकाको स्रोतबाट भुक्तानी गर्नुपर्ने रकम शशर्त अनुदानबाट भुक्तानी गरेकोले संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

| भौचर | झोलुंगे पुलको नाम | बिल रकम | पालिका बाट भुक्तानी हुनुपर्ने रकम |
|---|---|---|---|
| २।२०७९।६।४ | श्री घोप्टे कालाधिरीङ झो पु | १२७५१४८ | २९६२७० |
| ३।२०७९।६।४ | श्री अम्बोट अमर मा वि झोलुङ्गे पुल | २२९५७१२ | ५०३२५० |
| | जम्मा | ३५७०८६० | ७९९५२० |

| प्रमाण पेश नगरेको | ७,९९,५२० |
|---|---|

४३.३ **उपभोक्ताको लागत सहभागीताः** पालिकाले उपभोक्ताको बिल भुक्तानी गर्दा निम्नानुसार लागत सहभागीता घटाएर भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी गरेकोले बढि भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| भौचर | झोलुंगे पुलको नाम | बिल रकम | उपभोक्ताको लागत सहभागीता |
|---|---|---|---|
| २।२०७९।६।४ | श्री घोप्टे कालाघिरीङ झो पु | १२७५१४८ | ६५५७० |
| ३।२०७९।६।४ | श्री अम्बोट अमर मा वि झोलुङ्गे पुल | २२९५७१२ | ११०६०४ |
| जम्मा | | ३५७०८६० | १७६१७४ |

| असुल गर्नुपर्ने | १,७६,१७४ |
|---|---|

४४ **उपभोक्ता समितिबाट रोजगारी सिर्जना नहुने काम:**

सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरवाट गराउन नमिल्ने व्यवस्था छ। साथै स्थानिय श्रोत साधानको उपयोग, रोजगारी सिर्जना, सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिबृद्धि, मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिबृद्धि गर्ने उदेश्यले योजना संचालनमा उपभोक्ता समितिको परिचालन गरिन्छ। तर पालिकाले सडक निर्माण तथा स्तरोन्नतिको काम उपभोक्ता समिति मार्फत गरेकोमा रोजगारी सिर्जना नभई कार्यसम्पन्न रकम बराबरको रकम नै मेशिन परिचालन गरी सम्पन्न गरेको छ। जसको उदाहरण निम्नानुसार छ। यसबाट उपभोक्ता समितिबाट काम गराउनुको उद्धेश्य पुरा हुँदैन्। स्थानिय श्रोत साधानको उपयोग, रोजगारी सिर्जना, सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिबृद्धि, मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिबृद्धि हुने प्रकृतिको योजनाहरुमा मात्र उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ।

| भौचर | योजना | भुक्तानी | कार्यसम्पन्न | डोजरको बिल |
|---|---|---|---|---|
| ३० | वडा नं ३ को बाटो सफाई | ३६३७५० | ४०५५५३ | ४०४५९७ |
| ३४ | वडा नं ४ को बाटो सफाई | २४७००० | २५२५७५ | २५५४३६ |
| ३६ | वडा नं ८ को बाटो सफाई | २४२५०० | २७१५२७ | २७२०२२ |
| ५७ | निउरी मोटरबाटो | ८४०००० | ९३१७८८ | ९३०२९४ |
| ५८ | भाचे मार्चा मोटरबाटो | ४२२९२४ | ४७२७७८ | ४७४१७४ |
| ६८ | ओखले भिरकुना मो बाटो | १४२५९० | १७२८९१ | १४०६६१ |
| ८४ | वडा नं २ को बाटो सफाई | २८१३०० | ३११९२४ | ३१३६०३ |
| ९५ | तराप धनेश्वरखेल मैदान | ३८८००० | ४३४८७९ | ४३५१७४ |
| १०३ | तातोपानी युवा कल्व खेल मैदान | ४७५३०० | ५३१९६२ | ५३७१३८ |
| १०४ | छिचु मोटरवाटो | ६३१४७० | ७१०४३५ | ७०८९०७ |
| २८३ | घनपोखरा खेल मैदान निर्माण | ६७९००० | ७७९६१३ | ७६३१५६ |
| ३०५ | स्वास्थ्य चौकी देखी गणेश मा वि मोटरबाट | ३०५५५० | ३५३०४३ | ३८०५०० |

सैद्धान्तिक बेरुजु

४५ **दरबन्दी बाहिरको करार सेवाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले देहायबमोजिम ३ जना कर्मचारी दरबन्दी बाहिर राखी खर्च गरेकोले अनियमित देखिएको रु.

| सि नं | कर्मचारीको पद | कर्मचारी संख्या | मासिक तलब | चार्डपर्व सहित बार्षिक तलब |
|---|---|---|---|---|
| १ | ल्याब अशिष्टेन्ट | २ जना | २९००० | ७५४००० |
| २ | सामाजिक परिचालक | १ जना | १८५०० | २४०५०० |
| | जम्मा | | | ९९४५०० |

| अनियमित भएको | ९,९४,५०० |
|---|---|

४६ **प्रमाण कागज पेस गर्नुपर्नेः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले गाउँपालिका चालुतर्फ निम्नानुसारको खर्चमा सो खर्च पुष्टि हुने बिल भरपाई ,कागज पेस नभएकोले प्रमाण कागज पेस गर्नुपर्ने रु.

| भौचर नं | भुक्तानी पाउनेको नाम | पेस गर्नुपर्ने कागजात | रकम (रु.) |
| --- | --- | --- | --- |
| १०४ | सुस्मिता पौडेल | वडा समितिको बैठकमा ७ जनाले भत्ता बुझेको भरपाई | १७८५० |
| १२५ | वसन्त बरुवाल | मसलन्द तथा कार्यालय सामग्री अन्तर्गत वसन्त बरुवालको पेश्की फछ्र्यौट कागजात | ७०००० |
| १६० | सरोज गुरुङ | ७ व्यक्ति तथा संस्थालाई आर्थिक सहायता बुझाएको भरपाई | १३०००० |
| १६९ | शेर बहादुर गुरुङ | आर्थिक सहायता बुझाएको भरपाई | २५००० |
| १९२ | सरोज गुरुङ | दलमाया खत्री र मेहरमान भण्डारीलाई आर्थिक सहायता बुझाएको भरपाई | १०००० |
| १९९ | रमानाथ घिमिरे | वडा नं ६ मा खरिद गरिएको त्रिपाल १५९।१६४ केजी वितरण भरपाई | ५०००० |
| २१५ | सरोज गुरुङ | विभिन्न व्यक्तिहरूलाई विपद व्यवस्थापन कोष तथा विपन्न सहायता कोषबाट आर्थिक सहायता बुझाएको भरपाई | १५०००० |
| २५९। ११।२९ | सरोज गुरुङ | विभिन्न व्यक्तिहरूलाई विपद व्यवस्थापन कोष तथा विपन्न सहायता कोषबाट आर्थिक सहायता बुझाएको भरपाई (१४ जना) | २५०००० |
| २६९। १२।७ | स्वास्थ्य आमा समूह सामुहिक खेती उ स | आलु बिउ खरिद बापत सम्झना गुरुङलाई रकम बुझाएको भरपाई | ५०००० |
| ३१८।१। १४ | सरोज गुरुङ | आर्थिक सहायता बुझाएको भरपाई | १००००० |
| ३७६।२। १२ | सरोज गुरुङ | विपद व्यवस्थापन कोषबाट विभिन्न क्लव तथा व्यक्तिहरूलाई दिइएको आर्थिक सहायता रकम बुझाएको भरपाई | १९०५९७ |
| ४०३।३। १० | सरोज गुरुङ | आर्थिक सहायता बुझाएको भरपाई | १५३००० |
| ४१५।३। १८ | सरोज गुरुङ | आर्थिक सहायता बुझाएको भरपाई | १५०००० |
| ४४२।३। २१ | जगदम्बा कन्सट्रक्सन सोलुसन प्रा.लि. | फोटोकपी बिल पेस भई भुक्तानी भएकोले सक्कल बिल (Invoice no NAR-0415) | ९८६२१ |
| जम्मा | | | १४४५०६८ |

| | |
| --- | --- |
| प्रमाण पेश नगरेको | १४,४५,०६८ |

४७ **सवारी मर्मतः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवप्रदायकबाट लिखितरूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिम मर्मतका लागि लागत अनुमान तयार नगरेको र लिखित रूपमा दरभाउपत्र माग नगरी मर्मत (खरिद) गरेको अनियमित देखिएको रु.

| भौचर नं र मिति | भुक्तानी पाउने | विवरण | रकम (रु.) |
|---|---|---|---|
| १४४/२०७९।८।२८ | सूर्य अटोमोबाइल्स | बा १ ग ३४२२ नं को ब्याकहो लोडर सवारी मर्मत | १०६७०९ |
| ३०२।२०७९।१२।२४ | जगदम्बा कन्सट्रक्सन सोलुसन प्रा.लि. | ब्याकहो लोडर मर्मत तथा पार्टस खरिद | २३२२२२ |
| जम्मा | | | ३३८९३१ |

| | |
|---|---|
| अनियमित भएको | ३,३८,९३१ |

४८ **मुल्य अभिवृद्धि कर कट्टी नगरेकोः**

मूल्य अभिवृद्धि कर नियमावली¸ २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति बापतको रकम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम निर्माण व्यवसायी/परामर्शदाताबाट ३० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टी नगरी भुक्तानी दिएकोले कर समायोजन पेस गर्नुपर्ने अन्यथा मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु.

| **भौचर नं** | **मिति** | **भुक्तानी भएको पक्ष** | **बिजक नं र मिति** | **जम्मा बिल रकम(रु.)** | **मु.अ. कर (रु.)** | **३०% मु.अ.कर (रु.)** |
|---|---|---|---|---|---|---|
| २७० | २०७९।१२।१३ | मदरल्याण्ड ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर | २।२०७९।१२।७ | ४३४९७० | ५००४० | १५०१२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,०१२ |

४९ **बैठक भत्ताः**

गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा ३ मा बैठक भत्ता प्रदान गर्ने आधारहरूमा स्पष्ट विषयवस्तु तथा कार्ययोजनाबिना बसेको बैठककमा भत्ता प्रदान नगरिने¸ कानून तथा कुनै निर्णय एवं आदेशबाट गठित समिति वा कार्यदलको बैठकका लागि मात्र भत्ता प्रदान गरिने¸ बैठकमा आवश्यकता अनुसार बढीमा ३ जना सम्म थप व्यक्ति राख्न सकिने उल्लेख छ । यस पालिकाले विभिन्न समितिहरूको बैठकमा निम्नानुसार खर्च गरेको छ । कानुनले तोकेको संख्यामा मात्र बैठक भत्ता दिने, कानुनद्वारा स्थापित समितिहरूको बैठकमा मात्र बैठक भत्ता दिने तथा स्पष्ट एजेण्डाहरुका साथ बसेका बैठकमा मात्र भत्ता उपलब्ध गराई खर्चमा मितव्ययिता अपनाउनुपर्दछ ।

| भौचर नं | मिति | समिति/बैठक | बैठक भत्ता (रु.) |
|---|---|---|---|
| २९ | ६।४ | लेखा समितिको बैठक | २६४००० |
| ३१ | ६।४ | योजना सम्झौता किताब निर्माण समिति | ४०००० |
| २२२ | १०।२३ | लेखा समितिको बैठक | ४०००० |
| २९९ | १२।२३ | मर्स्याङ्दी बुलेटिन प्रकाशन समिति | १२००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **लगत कट्टा भएका व्यक्तीको भत्ता निकासाः**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएमा वा त्यस्तो सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई लगत कट्टा भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहाएका व्यक्तीको लगत कट्टा पश्चात पनि भत्ता निकासा गरेको र वैङ्कले पठाएको फिर्ताको विवरणमा पनि फिर्ता नभई जम्मा भएको देखिएकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| वडा नं | नाम | किसिम | लगत कट्टा हुनुपर्ने मिति | कुल भुक्तानी | वढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| ७ | बुधसरी घले | अ. ज्ये. ना. | २०७९।०४।०१ | ४,००० | ४,००० | प्रथम त्रैमासिक |
| जम्मा | | | | | ४,०००।०० | |

| असुल गर्नुपर्ने | ४,००० |
|---|---|

५१ **वढी निकासाः**

स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि एकिन विवरण अद्यावधिक गरि सोही अनुसार दरवन्दीमा शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी विद्यालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकाको वुंदा नं २.१ मा व्यवस्था रहेको छ। गाउंपालिका भित्र सञ्चालनमा रहेका कुल ५६ विद्यालयमध्ये नमुना छनौटका आधारमा निम्न विद्यालयको तलव भत्ता निकासाको परिक्षण गर्दा विद्यालयवाट माग भए भन्दा वढि निकासा भएको पाइयो। यसरी माग भन्दा वढि निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असुल गरि सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | त्रैमासिक | निकासा हुनुपर्ने रकम | निकासा रकम | वढी निकासा |
|---|---|---|---|---|---|
| अमर मा. वि. ३ मर्स्याङ्दी गाउँपालिका | जुनादेवी रावत | प्रथम | १,७६,४५६ | ३,१०,८५७ | १,३४,४०१ |
| अन्नपुर्ण प्रा. वि. १ मर्स्याङ्दी गाउँपालिका | हरिभक्त अधिकारी | द्वितीय | १,१८,१९० | १,२६,६३६ | ८,४४२ |
| जम्मा | | | | | १,४२,८४३।०० |

| असुल गर्नुपर्ने | १,४२,८४३ |
|---|---|

५२ **छात्रवृत्तिः**

कार्यक्रम कार्यान्चयन पुस्तिका २०७९।८० अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरुका लागि छात्रवृत्ति अनुदान ईमिस डाटा अनुसार स्वीकृत दररेट वमोजिम उपलव्ध गराएकोमा लेखापरीक्षणको क्रममा श्रेस्ताको नमुना परीक्षण गर्दा छात्रवृत्ति निकासा रकम भन्दा कम मात्रामा वितरित भएको भरपाई पेश हुन आएकाले वितरण नभई वांकी रहेको उक्त रकम सम्वन्धित विद्यालयवाट असुल गरि संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| विद्यालयको नाम | निकासा विद्यार्थी संख्या | भरपाई प्राप्त विद्यार्थी संख्या | असुल हुनुपर्ने रकम |
|---|---|---|---|
| ग्राम कल्याण मा. वि. १ मर्स्याङ्दी गाउंपालिका | ६९ | ७९ | ४,००० |
| जम्मा | | | ४,०००।०० |

| असुल गर्नुपर्ने | ४,००० |
|---|---|

५३ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८०५ जना रहेका छन। पालिकाले भौ. नं. १८३ बाट ७,३६४ थान स्यानिटरी प्याड रु. ८,६८,९५२।०० (मु अ कर समेत) मा खरिद गरेको छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित राखी वितरण र उपयोगलाई व्यवस्थित बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०७९।०८० को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिका भित्रका विद्यालयबाट छनोट गरी माध्यामिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र आईसिटि वापत रु. ६ लाख ५० हजार अनुदान दिने व्यवस्था छ। पालिकाले महेन्द्र देव मा. वि. लाई विज्ञान प्रयोगशालाको लागी रु. ६ लाख ५० हजार अनुदान उपलव्ध गराएकोमा उक्त विद्यालयले कार्यक्रम कार्यन्वयन पुस्तीका तथा नमुना विद्यालय विकास एवम् संचालन निर्देशिका २०७४ (संशोधन सहित) अनुसारका सामान हरु खरिद नगरि रु. २,६६,४००।०० को डेस्क र वेञ्च मात्र खरिद गरेकोले पालिकाले उक्त खर्चको सदुपयोग सम्वन्धमा सहि अनुगमन गरि अनियमित खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५५ **शिक्षक विद्यार्थी अनुपातः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

१. स्थानीय तह मातहतमा रहेक ५६ विद्यालयमा २४७ शिक्षक दरवन्दी रहेकोमा २४७ पदपुर्ती भएको र पदपुर्ति मध्ये ९१ करारमा देखिन्छ । दरवन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती हुनुपर्दछ।

२. विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

शिक्षक विद्यार्थी अनुपातको विवरण अनुसुचिमा संलग्न छ।

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

५६ **कृषि तथा पशुमा अनुदानः**

सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष देखिएका समस्याहरु देहाय अनुसार छ।

• जैविक विषाधिको सम्वन्धमा कृषकलाई जनचेतनामुलक कार्यक्रम संचालन तर्फ पालिकाले जोड नदिएको पाईएकोले जोड दिन आवश्यक छ।

• हरेक वडामा कम्तिमा एक हाते ट्रयाक्टर मर्मत गर्ने प्राविधिक भएमा विग्रिएका ट्रयाक्टर गाउँमै थोरै खर्चमा मर्मत गर्न सकिने भएकोले हाते ट्रयाक्टर मर्मत तालिम वडामा संचालन गर्नु आवश्यक देखिन्छ।

• पशुपन्छी औषधी निशुल्क वितरण गरिने हुंदा कृषकहरुले दोहोरो औषधी वुझि लिने गरेको पाईएकोले पालिकाले औषधी वितरणमा रहेको दोहोरोपना हटाई कृषकलाई औषधी सचेतना सम्वन्धि कार्यक्रममा ध्यान दिनुपर्दछ ।

• पशु स्वास्थ्य शिविर कार्यक्रममा प्रयोगशालाका सामाग्रीहरु ढुवानी गर्ने वाकसका अभावका कारण सामाग्रीको व्यवस्थित ढुवानी भएको पाईएन त्यस तर्फ पालिकाले ध्यान दिन आवश्यक छ।

सैद्धान्तिक बेरुजु

५७ **मत्स्य मिसन कार्यक्रमः**

पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधी, २०७८ अनुसार संचालन भएको संघीय सशर्त कार्यक्रम अन्तर्गतको ५० प्रतिशत लागत सहभागितामा मत्स्य मिसन कार्यक्रममा लिपे मल्टिपल एग्रो प्रा. लि. लाई मत्स्य पोखरी मर्मत वापत १०० प्रतिशत

वापत रकम भुक्तनी गरेकोमा पुनः पछि ५० प्रतिशत वापतको रकम रु. १,३६,०४२।०० लिपि मल्टिपल एग्रो प्रा. लि. ले फिर्ता गरेकोमा उक्त रकम स्थानीय तहकै खातामा फिर्ता गरेकोले संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३६,०४२ |

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका ३२ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १३८ जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ७९ लाख ५५ हजार ९६४ खर्च गरेको छ। लक्षित वर्गलाई औषत १०० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना मात्र भएकोले कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना समेत ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९ **लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ वमोजिम संचालित लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण तथा उत्पादित सामाग्रीको समुहमा वेचविखन गरि प्राप्त रु. ६४,००७।०० स्थानीय तहकै खातामा जम्मा गरेकोले संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६४,००७ |

# अनुगमन लेखापरीक्षण

६० अनुगमन तथा संपरीक्षणः

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु. ३,१०,५९,००० मध्ये रु १३,६४,३५६ फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरी NAMS बाट नै जानकारी गराईएको छ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **मर्स्याङ्दी गाउँपालिका, लमजुङ** को २०७९।८० सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ३१०५९००० | १३६४३५६ | १२९३२८३९ | ० | ४२६२७४८३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : मर्स्याङ्दी गाउँपालिका, लमजुङ , मर्स्याङ्दी गाउँपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेमचन्द्र अर्याल | २०७८-१०-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Surendra Dhungana | २०७९-१-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०८९,६७९ | १,३३३,४३१ | १०,५०९,७२९ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | १२,९३२,८३९ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३६७१५८९८.८७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६१७१०५०० | चालु खर्च | ३५६६९५८०५.५६ |
| प्रदेश सरकारबाट अनुदान | १६२९७७५० | पूँजीगत खर्च | १५८७७५१७३.१३ |
| राजश्व बाँडफाँट | ११०५८६१७७.१४ | वित्तीय/अन्य व्यवस्था | १५९०८४४१०.९८ |
| आन्तरिक आय | ९१५७०६७.०१ | | |
| अन्य आय | १६२४१४९३२.७९ | | |
| कुल आय | ६६०१६६४२६.९४ | कुल खर्च | ६७४५५५३८९.६७ |
| बाँकी मौज्दात | | २२३२६९३६.१४ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| २ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ३ | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| ४ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ५ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ६ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । | ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| ७ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ८ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| ९ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| १० | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |

## बेरूजु दफा ७ सँग सम्बन्धित विवरण - अनुसूची -३

| | आय तर्फ | | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | जम्मा रकम | सि.नं | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 36715898.87 | १ | **खर्च** | | 515470978.69 |
| | क) संचित कोष | 26818726.60 | | | चालु खर्च | 356695805.56 | |
| | ख) धरौटी | 3851768.43 | | | पूजिगत खर्च | 158775173.13 | |
| | ग) प्रकोप व्यवस्थापन कोष | 316378.96 | | | | | |
| | घ) विविध खर्च खाता | 388000.00 | | २ | धारौटी तथा कोष खर्च | 0.00 | 1643545.18 |
| | ङ) विभाज्य कोष खाता | 616690.00 | | | धरोटी फिर्ता | 1643545.18 | |
| | च) आन्तरिक राजस्व खाता | 2087903.88 | | | प्रकोप व्यवस्थापन कोष | 0.00 | |
| | छ) वाँडफाँड वाट प्राप्त राजस्व खाता | 637306.00 | | | विविध खर्च खाता | 0.00 | |
| | ज) विविध कोष खाता | 1999125.00 | | | | | |
| २ | राजश्व (आन्तरीक आय) | | 119743244.15 | ३ | निकासा फिर्ता | 0.00 | 0.00 |
| | क) आन्तरिक राजश्व | 9157067.01 | | | | | |
| | ख) राजश्व वाँडफाँड संघिय सरकार | 101569413.39 | | ४ | मौज्दात | | 22326936.14 |
| | ग) राजश्व वाँडफँड प्रदेश सरकार | 7111789.00 | | | क) संचित कोष | 5627031.28 | |
| | ग) राजश्व वाँडफँड स्थानीय सरकार | 1904974.75 | | | ख) धरौटी | 4748213.34 | |
| ३ | **संघिय सरकारबाट प्राप्त अनुदान** | | 361710500.00 | | ग) प्रकोप व्यवस्थापन कोष | 316878.96 | |
| | क) वित्तीय समानिकरण अनुदान | 88337500.00 | | | घ) विविध कोष खाता | 29125.00 | |
| | ख) ससर्त अनुदान | 247376000.00 | | | ङ) विभाज्य कोष खाता | 1390380.00 | |
| | ग) समपुरक अनुदान | 16237000.00 | | | च) आन्तरिक राजस्व खाता | 907173.66 | |
| | घ) विशेष अनुदान | 9760000.00 | | | छ) वाँडफाँड वाट प्राप्त राजस्व खाता | 226409.00 | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | 16297750.00 | | ज) चालु खर्च खाता जोर वर्ष | 8274833.80 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | क) वित्तीय समानिकरण अनुदान | 9137750.00 | | | झ) पुजिगत खर्च खाता जोर वर्ष | 806890.6 | |
| | ख) ससर्त अनुदान | 0.00 | | | ञ) विविध खर्च खाता | 0.5 | |
| | ग) समपुरक अनुदान | 3676000.00 | | | | | |
| | घ) विशेष अनुदान | 3484000.00 | | | | | |
| ५ | अन्तर स्थानीय तहवाट प्राप्त | 0.00 | 0.00 | | | | |
| ६ | वित्तिय व्यवस्था प्राप्ती | 0.00 | | | | | |
| ७ | **विभिन्न कोष तर्फको आय** | | 2539990.09 | | | | |
| | धरौटी | 2539990.09 | | | | | |
| | प्रकोप व्यवस्थापन कोषमा आय | 0.00 | | | | | |
| | विविध कोष | | | | | | |
| ८ | अन्य आय | 2434076.90 | 2434076.90 | | | | |
| | | | | | | | |
| **जम्मा आय पालिका तर्फ** | | | 539441460.01 | **जम्मा व्यय पालिका तर्फ** | | | 539441460.01 |
| ९ | अन्तर सरकारी अख्तियारी संघ | | 157440865.80 | ५ | अन्तर सरकारी अख्तियारी संघ | | 157440865.53 |
| | सामाजिक सुरक्षा | 123620298.27 | | | सामाजिक सुरक्षा | 123620298.00 | |
| | गरिब सँग विश्वेश्वर कार्यक्रम | 453920.00 | | | गरिब सँग विश्वेश्वर कार्यक्रम | 453920.00 | |
| | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | 33366647.53 | | | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | 33366647.53 | |
| | जम्मा | | 696882325.81 | | जम्मा | | 696882325.८१ |

## बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.स. | विद्यालयको नाम | जम्मा शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार / राहत | जम्मा विद्यार्थी संख्या | विद्यार्थि शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | श्री अमर माध्मिक विद्यालय | 18 | 18 | 5 | 515 | 29 |
| २ | श्री चन्द्रोदय माध्मिक विद्यालय | 14 | 14 | 5 | 192 | 14 |
| ३ | श्री गणेश माध्मिक विद्यालय | 14 | 14 | 3 | 195 | 14 |
| ४ | श्री महेन्द्रदेव माध्मिक विद्यालय | 13 | 13 | 7 | 273 | 21 |
| ५ | श्री प्रभातशान्ति पूर्ण माध्मिक विद्यालय | 13 | 13 | 4 | 146 | 11 |
| ६ | श्री त्रिभुवन माध्मिक विद्यालय | 12 | 12 | 5 | 226 | 19 |
| ७ | श्री गंगामिलन माध्मिक विद्यालय | 11 | 11 | 6 | 179 | 16 |
| ८ | श्री प्रेममिलन माध्मिक विद्यालय | 10 | 10 | 4 | 163 | 16 |
| ९ | श्री ग्रामकल्याण माध्मिक विद्यालय | 8 | 8 | 3 | 156 | 20 |
| १० | श्री सरस्वती सदन आधारभूत विद्यालय | 8 | 8 | 3 | 110 | 14 |
| ११ | श्री लत्ताकुञ्ज आधारभूत विद्यालय | 9 | 9 | 6 | 69 | 8 |
| १२ | श्री अरण्यज्योति आधारभूत विद्यालय | 8 | 8 | 6 | 69 | 9 |
| १३ | श्री धर्मधक्त आधारभूत विद्यालय | 7 | 7 | 5 | 43 | 6 |
| १४ | श्री जट्टेश्वर आधारभूत विद्यालय | 8 | 8 | 3 | 83 | 10 |
| १५ | श्री सरस्वती विद्या मन्दिर राम कुमारी आधारभूत विद्यालय | 7 | 7 | 4 | 57 | 8 |
| १६ | श्री धनेश्वर प्राथमिक विद्यालय | 4 | 4 | 0 | 51 | 13 |
| १७ | श्री अमृत प्राथमिक विद्यालय | 3 | 3 | 2 | 25 | 8 |
| १८ | श्री विनायक प्राथमिक विद्यालय | 3 | 3 | 0 | 19 | 6 |
| १९ | श्री हिमप्रेमी प्राथमिक विद्यालय | 1 | 1 | 1 | 2 | 2 |
| २० | श्री विद्याज्योति प्राथमिक विद्यालय | 1 | 1 | 0 | 8 | 8 |
| २१ | श्री देउराली प्राथमिक विद्यालय | 0 | 0 | 0 | 0 | |
| २२ | श्री आनन्ददेवी प्राथमिक विद्यालय | 5 | 5 | 3 | 61 | 12 |
| २३ | श्री बराहमन्दिर प्राथमिक विद्यालय | 3 | 3 | 2 | 29 | 10 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | श्री कमला प्राथमिक विद्यालय | 3 | 3 | 0 | 43 | 14 |
| २५ | श्री सूर्यज्योती प्राथमिक विद्यालय | 3 | 3 | 1 | 17 | 6 |
| २६ | श्री नरेन्द्र प्राथमिक विद्यालय | 2 | 2 | 1 | 20 | 10 |
| २७ | श्री पञ्चविचार प्राथमिक विद्यालय | 5 | 5 | 2 | 57 | 11 |
| २८ | श्री बालविकास प्राथमिक विद्यालय | 3 | 3 | 0 | 51 | 17 |
| २९ | श्री बालविकास प्राथमिक विद्यालय | 3 | 3 | 0 | 30 | 10 |
| ३० | श्री रत्नविद्या मन्दिर प्राथमिक विद्यालय | 1 | 1 | 0 | 9 | 9 |
| ३१ | श्री हिमालय प्राथमिक विद्यालय | 3 | 3 | 0 | 5 | 2 |
| ३२ | श्री सुर्योदय प्राथमिक विद्यालय | 3 | 3 | 2 | 17 | 6 |
| ३३ | श्री कालिका प्राथमिक विद्यालय | 3 | 3 | 0 | 11 | 4 |
| ३४ | श्री कन्यादेवी प्राथमिक विद्यालय | 3 | 3 | 1 | 20 | 7 |
| ३५ | श्री नयाँज्योती प्राथमिक विद्यालय | 3 | 3 | 0 | 17 | 6 |
| ३६ | श्री जनजागृति प्राथमिक विद्यालय | 3 | 3 | 1 | 30 | 10 |
| ३७ | श्री बालकल्याण प्राथमिक विद्यालय | 2 | 2 | 1 | 12 | 6 |
| ३८ | श्री पवित्रा प्राथमिक विद्यालय | 1 | 1 | 0 | 7 | 7 |
| ३९ | श्री हिमालय प्राथमिक विद्यालय | 1 | 1 | 0 | 5 | 5 |
| ४० | श्री वडादेवी प्राथमिक विद्यालय | 1 | 1 | 1 | 11 | 11 |
| ४१ | श्री बालकल्याण प्राथमिक विद्यालय | 2 | 2 | 1 | 7 | 4 |
| ४२ | श्री गणेशदेबी प्राथमिक विद्यालय | 1 | 1 | 1 | 6 | 6 |
| ४३ | श्री जनचेतना प्राथमिक विद्यालय | 0 | 0 | 0 | 1 | |
| ४४ | श्री अन्नपूर्ण प्राथमिक विद्यालय | 2 | 2 | 0 | 22 | 11 |
| ४५ | श्री जनप्रगति प्राथमिक विद्यालय | 3 | 3 | 1 | 20 | 7 |
| ४६ | श्री जनप्रिय प्राथमिक विद्यालय | 2 | 2 | 0 | 17 | 9 |
| ४७ | श्री जनकल्याण प्राथमिक विद्यालय | 1 | 1 | 0 | 12 | 12 |
| ४८ | श्री लालीगुरास प्राथमिक विद्यालय | 1 | 1 | 0 | 7 | 7 |
| ४९ | श्री अरुणोदय प्राथमिक विद्यालय | 1 | 1 | 0 | 12 | 12 |
| ५० | श्री जनचाहना प्राथमिक विद्यालय | 1 | 1 | 1 | 10 | 10 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५१ | श्री लक्ष्मी प्राथमिक विद्यालय | 2 | 2 | 0 | 16 | 8 |
| ५२ | श्री मदन प्राथमिक विद्यालय | 2 | 2 | 2 | 15 | 8 |
| ५३ | श्री सप्तकन्या प्राथमिक विद्यालय | 2 | 2 | 0 | 13 | 7 |
| ५४ | श्री दुर्गमा्इ प्राथमिक विद्यालय | 1 | 1 | 0 | 4 | 4 |
| ५५ | श्री मङ्गलोदय प्राथमिक विद्यालय | 1 | 1 | 0 | 10 | 10 |
| ५६ | श्री सिर्जना प्राथमिक विद्यालय | 2 | 2 | 2 | 23 | 12 |
| | जम्मा | 247 | 247 | 91 | 3177 | 13 |